सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायधीश श्री कुमार रेग्मी

## फैसला

०७८-WO-०५७१

मुद्दाः-उत्प्रेषण परमादेश।

धादिङ जिल्ला, साविक बेनिघाट गाउँ विकास समिति वडा नं.९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने चेतनाथ सिलवालको छोरा, रमेश कुमार सिलवाल --------------------१ निवेदक

विरुद्ध

नेपाल सरकार मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं ---------------------------------------------१
युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं -------------------१ विपक्षी
राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौं -------------------------१
टंकलाल घिसिङ्ग, सदस्य सचिव, युवा तथा खेलकुद मन्त्रालय, सिहदरबार-१

नेपालको संविधानको धारा ४६, १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

### तथ्यगत व्यहोरा

१. म निवेदक राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा खेलकुद विकास ऐन, २०४८ बमोजिम पहिलो पटक मिति २०७६।०३।२३ गते नियुक्त भएको थिएँ। म परिषदमा नियुक्त भए पछि संसदले नयाँ खेलकुद विकास ऐन, २०७७ पारित गरेको र सो ऐन, २०७७।०३।११ गते सम्माननीय राष्ट्रपतिज्यूबाट

प्रमाणिकरण भई लागु भयो। नयाँ ऐनले साविकका पदाधिकारीको पदलाई बचाउ नगरेको हुँदा नयाँ ऐनको दफा १७ को उपदफा (२) बमोजिम योग्यता पुगेको व्यक्ति मध्येबाट उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा नयाँ सदस्य सचिव हुने कानूनी व्यवस्था गरेकोले सोही बमोजिम सिफारिस समिति गठन भएको थियो। सो समितिको सिफारिसमा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (७) बमोजिम नेपाल सरकार मन्त्रिपरिषदले म निवेदकलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा मिति २०७७।०४।१२ गते देखि लागू हुने गरी नियुक्त गरेको थियो। मलाई नियुक्ति गर्दा मेरो कार्यकाल नियुक्ति मितिले चार वर्ष रहने र राजपत्रांकित विशिष्ट श्रेणीले पाए सरहको पारिश्रमिक तथा सुविधा उपलब्ध हुने गरी नियुक्त गरिएको थियो। तर नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८।०६।१२ को निर्णय अनुसार भनी राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १८ बमोजिम कर्तव्य र जिम्मेवारी ईमानदारीपूर्वक वहन नगरेको, कार्यसम्पादन सन्तोषजनक नभएको हुँदा तपाईलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को उपदफा (९) बमोजिम सदस्य सचिवको पदबाट किन नहटाउने भनी सफाइ पेस गर्न भनी युवा तथा खेलकुद मन्त्रालयले पत्राचार गरेपछि मैले समयभित्रै आफूलाई पदबाट हटाउनु नपर्ने कारणहरू उल्लेख गरी सफाई पेस गरेकोमा मैले उल्लेख गरेको वेहोरामा चित्त नबुझेको भन्दै नेपाल सरकारले मिति २०७८।०७।०१ गतेका दिन मलाई हटाउने निर्णय गरी सो पदमा टंकलाल घिसिङ्गलाई नियुक्ती गर्ने गरी मिति २०७८।८।१३ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णय भएको रहेछ।

२. कानुनले सृष्टि गरेको पद कानुन बमोजिम नै अन्त हुन्छ। विभागीय तथा अनुशासनात्मक कारबाहीमा कुनै पनि पदाधिकारीलाई हटाउन उचित र पर्याप्तकारण अनिवार्य हुनु पर्दछ। म उपर लगाएको आरोपहरुलाई मेरो काम र परिणामको सही र वस्तुपरक मुल्यांकन गर्ने हो भने पूर्णतः झुठ्ठा सावित हुने प्रष्ट छ। मैले पदीय जिम्मेवारी निर्वाह गर्ने क्रममा कार्य गर्दा खेलकुद क्षेत्रको विकास र विस्तारको विपरीत हुने गरी कुनै कार्य गरेको छैन। परिषदले गर्नुपर्ने कार्यहरु कार्यान्वयन गर्ने गराँउने कार्य गरेको थिएँ। तर मलाई आरोप लगाउँदा कसरी

हटाउने भन्ने ध्येयलेमात्र गोश्वारा रुपमा ऐनको दफा मात्र उल्लेख गरी मलाई हटाईएको छ।

३. प्रतिस्पर्धाबाट नियुक्त म जस्तो पदाधिकारीलाई सरकार परिवर्तन भएकै आधारमा राजनैतिक पूर्वाग्रह राखी, बदनियत चिताई पदमुक्त गर्ने गरी विपक्षीहरुबाट भएका निर्णय, पत्राचार, काम कारवाहीबाट निवेदकको नेपालको संविधानको धारा १६(१) प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७(२)(च) प्रदत्त पेशा रोजगारी गर्ने हक, धारा १८(१) प्रदत्त कानुनको दृष्टिमा सवै समान हुन्छन र सवैलाई समान संरक्षण हुने भन्ने हक, धारा २५ प्रदत्त सम्पतिको हक, धारा २७ प्रदत्त सुचनाको हक लगायतको मौलिक हकको हनन भएको र साथै उल्लेखित काम कारवाही राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९, १०, १७, १८ विपरीत हुनुको साथै ऐ. दफा १९(९) को दुरुपयोग गरी ऐनको दफा १७(८) द्वारा तोकिएको पदावधी सम्म बहाल रही आफ्नो पदीय दायित्व र जिम्मेवारी बहन गर्ने लगायतको कानूनी हकमा समेत आघात पुगेको हुँदा मिति २०७८।०७।०१ को मन्त्रिपरिषदको सदस्य सचिव पदबाट हटाउने निर्णय र सो सम्वन्धमा भएको कार्य तथा पत्राचार तथा मिति २०७८।०८।१३ को टंकलाल घिसिङ्गलाई खेलकुद परिषदको सदस्य सचिवको नियुक्ती गर्ने नेपाल सरकार मन्त्रीपरिषदको निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा बाँकी अवधिसम्म कामकाज गर्न दिनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरी पाउँ।

४. साथै तत्काल अन्तरिम आदेश जारी नहुँदा पछि अन्तिम आदेश हुँदाको वखत रिट जारी हुँदा मेरो पदावधि नै समाप्त भई रिट निवेदन निष्प्रयोजन हुन जाने भई निवेदकलाई अपूरणीय क्षति हुने हुँदा मिति २०७८।०७।०१ गते मलाई पदबाट हटाउने मन्त्रिपरिषदको निर्णय, विपक्षी मन्त्रालयबाट मिति २०७८।०७।४ र ८ मा जारी भएको पत्रहरु, टंकलाल घिसिङ्गलाई सदस्य सचिवको नियुक्ती समेत प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु र रिट निवेदकलाई विपक्षी परिषदको सदस्य सचिव पदमा हाजिर भई यथावत कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने

व्यहोराको रमेश कुमार सिलवालको निवेदन।

५. यी निवेदकले यस अदालतमा दायर गरेको रिट नं. ०७८-wo-०५२१ को निवेदन साथै राखी नियमानुसार पेश गर्नू भन्ने व्यहोराको यस अदालतको मिति २०७८।८।२२ को आदेश।

६. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत् विपक्षी नं. ३ र ४ का हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत् लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू। साथै अन्तरिम आदेश माग गरेको सम्बन्धमा बिचार गर्दा, यी निवेदक रमेश कुमार सिलवाललाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।४।१२ को निर्णय अनुसार राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ बमोजिम चार वर्षको कार्यकाल रहने गरी राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव पदमा नियुक्ति भएको देखिएकोले दुवै पक्ष राखी छलफल गराई अन्तरिम आदेश हुने नहुने सम्बन्धमा विचार हुन उपयुक्त हुने हुँदा मिति २०७८।९।१२ को तारेख तोकी सो अवधि सम्मको लागि निवेदकलाई पदबाट हटाउने गरी भएको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।७।१ निर्णय र विपक्षी टंकलाल घिसिङ्गलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवमा नियुक्ति गर्ने गरी भएको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।८।१३ को निर्णय यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (ख) बमोजिम यो अल्पकालिन आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरु र महान्यायाधिवक्ताको कार्यालय समेतलाई सो को सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहाराको यस अदालतको मिति २०७८।८।२९ को आदेश।

७. विपक्षी रिट निवेदकले ऐनको दफा १८ बमोजिम निजलाई सुम्पिएको काम, कर्तव्य

र जिम्मेबारी इमान्दारी पूर्वक बहन नगरेको र कार्य सम्पादन सन्तोषजनक नभएको सन्दर्भमा सफाई पेश गर्न मौका दिइएको र निजले पेश गरेको सफाईमा ऐनको दफा १८ बमोजिमको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यकारी समितिबाट पारित गराई परिषदको बैठकमा पेश गर्नु पर्नेमा पारित गराएको अवस्था नदेखिएको, परिषदको सबैभन्दा पछिल्लो १११ औं बोर्ड बैठक २०७५ चैत्र १५ मा मात्र बसेको देखिएको र काम कारवाही नियमित तथा व्यवस्थित भएको नदेखिनुका साथै ऐन, बमोजिम समयमा कार्य सम्पादन भएको नदेखिएको, चालु आ.ब. २०७८।७९ को वार्षिक कार्यक्रम परिषदबाट स्वीकृत भएको जानकारी युवा तथा खेलकुद मन्त्रालयमा हुन नसकेको, उक्त मन्त्रालय अन्तर्गतका निकायहरुमध्ये परिषद्को सबैभन्दा बढी बेरुजु भएको, प्राथमिकता प्राप्त मुलपानी स्थित क्रिकेट रंगशालाको निर्माण कार्य सम्पन्न गर्न अग्रसर नभएकोले निजले इमान्दारी पूर्वक जिम्मेबारी बहन नगरी कार्यसम्पादन सन्तोषजनक नभएको हुँदा ऐनको दफा १७ को उपदफा (९) बमोजिम सदस्य सचिवको पदबाट किन नहटाउने भन्ने सन्दर्भमा उपदफा (१०) बमोजिम सफाईको मौका दिन नेपाल सरकार, मन्त्रिपरिषदको बैठक समक्ष पेश हुन आएको प्रस्तावका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।६।११ को बैठकको निर्णयबाट तीन दिनको समय दिई सफाई पेश गर्न मौका दिइएकोमा निजले मिति २०७८।६।१७ मा पेश गर्नु भएको सफाईबाट नेपाल सरकार, मन्त्रिपरिषद सन्तुष्ट हुन नसकी ऐनको दफा १७ को उपदफा(९) को अवस्था विद्यमान भएको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषदले प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही निजलाई पदबाट हटाएको उक्त कार्य कानून सम्मत नै हुँदा निवेदक माग बमोजिम बदर हुनु पर्ने होइन। रिट निवेदकले निजको पदावधि चार वर्ष भएको र सो अगावै निजलाई नेपाल सरकारले हटाउन नसक्ने भन्ने दावी लिएकोमा निजले ऐनले तोके बमोजिमको कार्य जिम्मेवारी बहन गरे नगरेको वा कार्य सम्पादन सन्तोषजनक भए नभएको हेर्ने, मूल्याङ्कन गर्ने जिम्मेवारी नियुक्तिकर्ता अर्थात नेपाल सरकारमा निहित रहेको र निजको ऐनको दफा १७ को उपदफा (९) को अवस्था थियो वा थिएन भनी निर्धारण गर्ने कार्य कार्यकारिणीको विषय भित्र पर्ने देखिएकोले

त्यस्ता विषयमा रिट क्षेत्राधिकारबाट जाँचबुझ हुन सक्ने देखिंदैन। साथै प्रचलित कानूनले तोकेको पदीय जिम्मेवारी बहन गर्न नसकेको अवस्थामा निजलाई सफाईको मौका प्रदान गरी तोकिएको समयावधि अगावै पदबाट हटाउन सक्ने अधिकार राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (९) ले निर्णयकर्ता नेपाल सरकारलाई प्रदान गरेको हुँदा निवेदकको चार बर्ष सम्मको लागि नियुक्त भएको भन्ने जिकिर कानून सम्मत देखिदैन। साथै टंकलाल घिसिङ्गलाई कानूनले तोकिएको प्रक्रिया पूरा गरेर नै नियुक्ती गरिएकाले निवेदन माग बमोजिम आदेश जारी गर्नु पर्ने होइन, उक्त माग दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार मन्त्रिपरिदषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिदषद्को कार्यालयको तर्फबाट नेपाल सरकारको मुख्य सचिव शंकरदास बैरागीको लिखित जवाफ।

८. राष्ट्रिय खेलकुद परिषदमा सदस्य सचिव नियुक्ती गर्ने प्रक्रिया रिट निवेदक पदमा बहाल रहेको अवस्थामा प्रकाशित गरेको नभई निज पदबाट बहिर्गमन भए पश्चात अर्थात उक्त सदस्य सचिवको पद खाली भएको अवस्थामा सो पदमा नियुक्ती गर्ने प्रयोजनका लागि मिति २०७८।८।४ गतेको गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरी सो सूचना बमोजिम मैले समेत सदस्य-सचिवको पदमा दरखास्त दिई छनौट भई मन्त्रिपरिषदबाट मलाई नियुक्ती गर्ने निर्णय भई म उक्त पदमा कानून बमोजिम नियुक्त भएको हो। यसरी मन्त्रिपरिषदबाट म लिखित जवाफकर्तालाई राष्ट्रिय खेलकुद परिषदको सदस्य-सचिव पदमा नियुक्ती गर्ने गरी निर्णय भई सम्वन्धित मन्त्रालयलाई सो निर्णय कार्यान्वयन गर्नका लागि पत्राचार गरी मलाई नियुक्ती गरिएको र मिति २०७८।०८।१४ गते मैले सदस्य-सचिव पदको शपथ ग्रहण गरी कार्यभार सम्भालि रहेको छु। म लिखित जवाफकर्ता कानून बमोजिमको प्रक्रियामा सामेल भई कानून बमोजिम नियुक्ती पाई काम गरिरहेकोमा विपक्षी रिट निवेदकले मिति २०७८।८।२० गते रिट दायर गर्नु भएको अवस्था छ। यसरी कानून बमोजिम प्रक्रिया पूरा गरी नियुक्त भएको म लिखित जवाफकर्तालाई विपक्षी रिट निवेदकले प्रत्यर्थी कायम गर्नुपर्ने अवस्था नै नरहेको हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर

काठमाडौंका सदस्य सचिव टंकलाल घिसिङको लिखित जवाफ।

९. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (८) मा नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ भनी व्यवस्था गरे तापनि उपदफा (९) मा उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा (क) परिषद्लाई हानी नोक्सानी हुने कुनै काम गरेमा, (ख) पदीय जिम्मेवारी पूरा नगरेमा, (ग) यस ऐन, विपरीत कुनै कार्य गरेमा, वा (घ) निजले इमान्दारीपूर्वक पदीय जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्को निर्देशन पालना नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ भनी व्यवस्था गरेको छ भने यसरी पदबाट हटाउनु अघि ऐ. दफाको उपदफा (१०) मा सफाईको मौका दिनुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनमा नै स्पष्ट रुपमा व्यवस्था गरिएअनुरुप निज निवेदकलाई उपदफा (९) बमोजिम परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यकारी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने, परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने कार्य नगरेको एवं हालसम्म परिषदबाट कुनै पनि चालु तथा पूँजीगत कार्यक्रमहरु नगरेको हुँदा निजले इमान्दारी पूर्वक जिम्मेवारी वहन नगरी कार्यसम्पादन सन्तोषजनक नभएको हुँदा कानूनले निर्धारण गरेको प्रक्रिया अनुरुप नै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०७।०१ गतेको निर्णयानुसार हटाइएको हो र निजलाई सो पदबाट हटाउनु अघि मिति २०७८।०६।११ गतेको मन्त्रिपरिषदको निर्णयानुसार तीन दिनभित्र किन हटाउन नपर्ने हो भनी सफाई पेश गर्ने मनासिब मौका समेत दिइएको छ। साथै नियुक्ति गर्ने अधिकारप्राप्त निकाय वा अधिकारीलाई बर्खास्त गर्ने अधिकार पनि सन्निहित रहने नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा १६ ले व्यवस्था गरे अनुरुप समेत नियुक्त गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयले हटाउन सक्ने नै देखिन्छ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ दफा १७ को उपदफा (११) को खण्ड (च) मा उपदफा (९) बमोजिम पदबाट हटाएमा पद रिक्त भएको मानिने व्यवस्था

गरेको छ। यसरी ऐनको दफा १७ को उपदफा (९) बमोजिम विपक्षी मिति २०७८।०७।०१ गतेको निर्णयबाट पदमा नरहेको र परिषद्को सदस्य-सचिवको पद रिक्त भएको अवस्थामा तत्काल कार्य संचालनको लागि दफा १२ बमोजिम यस मन्त्रालयका सह-सचिव विष्णुराज ढकाललाई सदस्य सचिवको जिम्मेवारी दिएको र पछि ऐनको दफा १७ को उपदफा (४) बमोजिम यस मन्त्रालयमा मिति २०७८।०७।१७ मा सिफारिस समिति गठन भई सो समितिबाट दरखास्त आह्वान भई प्राप्त हुन आएका अठार दरखास्तमध्ये शैक्षिक योग्यता, अनुभव, कार्ययोजना र प्रस्तुतीकरण समेतको आधारमा एक जना महिला सहित तीन जनाको नाम सिफारिस भएका मध्येबाट सुनपाती-२ रामेछापका टंकलाल घिसिङलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।१३ को निर्णयबाट परिषद्को सदस्यसचिवको पदमा नियुक्त गरेको हो। सो बमोजिम मिति २०७८।०८।१४ मा निजले पदवहाली गरी जिम्मेवारी सम्हाली सकेको अवस्थामा सो कार्यलाई प्रभावित पार्ने गरी अन्तरीम आदेश जारी हुन सक्दैन, साथै परिषदको सदस्य सचिव कार्यकारी पद भएको र कार्यकारी पदलाई लामो समयसम्म खाली राख्न पनि मिल्दैन। तसर्थ प्रस्तुत निवेदन खारेज भागी रहेको छ भन्ने समेत वेहोराको खेलकुद मन्त्रालयको तर्फबाट ऐ. का सचिव डा. दामोदर रेग्मीको लिखित जवाफ।

१०. यसमा प्रत्यर्थीहरु सबैको लिखित जवाफ परिसकेको र निवेदकले उठाएका कानूनी प्रश्नहरुको निरुपण अन्तिम सुनुवाईको अवस्थामा हुन मनासिव देखियो। विवादित विषयवस्तुको प्रकृतिको दृष्टिले यसमा छिटोछरितो रुपमा सुनुवाई हुन आवश्यक देखिएको हुँदा मिति २०७८।१२।१५ गते प्रस्तुत रिट निवेदन पूर्ण सुनुवाईको लागि नियमानुसार गरी पेश गर्नू। साथै, मिति २०७८।७।१ को निवेदकलाई पदबाट हटाउने र मिति २०७८।८।१३ को प्रत्यर्थी टंकलाल घिसिङलाई नियुक्त गर्ने निर्णयहरु र सो सम्बन्धी सक्कल फायल सम्बन्धित निकायबाट तत्काल झिकाई मिसिल सामेल गर्नू भन्ने व्यहोराको यस अदालतको मिति २०७८।१२।६ को आदेश।

११. राष्ट्रिय खेलकुद परिषदबाट मिति २०७७।४।१२ भन्दा पछि भएका निर्णय

पुस्तिका राष्ट्रिय खेलकुद परिषदबाट झिकाउनु। राष्ट्रिय खेलकुद परिषद कार्यकारी समितिबाट मिति २०७७।४।१२ भन्दा पछि भएका निर्णयको निर्णय पुस्तिका राष्ट्रिय खेलकुद परिषदबाट झिकाउनु। यी निवेदक राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव हुँदाको कार्य सम्पादान मूल्याङ्कन भएको भए युवा तथा खेलकुद मन्त्रालयबाट झिकाउनु भन्ने व्यहोराको यस अदालतको मिति २०७८।१२।१५ को आदेश।

## यस अदालतको आदेश

१२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री ओम प्रसाद थपलिया तथा विद्वान अधिवक्ता श्री रमेश बडालले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ बमोजिम सदस्य सचिवलाई पदबाट हटाउनलाई चारवटा अवस्था बिद्यमान भएको देखिनु पर्दछ। यी अवस्थामध्ये हानी नोक्सानीको कार्य गरेको, पदीय जिम्मेवारी पूरा नगरेको, ऐन विपरीत कार्य गरेको, इमान्दारीपुर्बक जिम्मेवारी बहन नगरेको, कार्यसम्पादन सन्तोषजनक नरहेको भन्ने जस्ता छन्। निवेदकलाई सोधिएको पत्रमा इमान्दारीपूर्वक जिम्मेवारी बहन नगरेको र कार्यसम्पादन सन्तोषजनक नभएको भन्ने शब्दमात्र उल्लेख छ। निजले आफ्नो कार्यमा बेइमानि कहिले, कुन अवस्थामा गरे, कार्य सम्पादनको मापन बिन्दुमा कुन काम सन्तोषजनक नभएको भन्ने छैन। ओठे प्रकृतिको शब्दहरु चयन गरी केही नकारात्मक कुराहरु उल्लेख गर्नु नै इमान्दारीपूर्वक जिम्मेवारीको प्रतिकूल र कार्यसम्पादन सन्तोषजनक नभएको भन्न मिल्दैन। यस अवस्थामा आरोपलाई प्रमाणित गर्ने कुनै आधार नराखी दफा ९ को खण्ड घ का केही शब्दमात्र राखी सफाई पेश गर्न माग गरिएको पत्र र त्यसैको आधारमा मेरो पक्षलाई अवकास दिएको निर्णय पूर्वाग्रहपूर्ण र बदनियतयुक्त देखिएकोले निवेदकलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिवबाट हटाउने गरी भएको निर्णय बदरभागी भएकोले माग बमोजिमको आदेश जारी हुनु पर्दछ भनी बहस गर्नुभयो।

१३. विपक्षी नेपाल सरकार मन्त्रिपरिषद तथा प्रधानमन्त्रीको कार्यालय,युवा तथा खेलकुद मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान नायब महान्यायाधिवक्ता श्री टेक

बहादुर घिमिरे तथा विद्वान सह न्यायाधिवक्ताद्वय श्री सुर्यराज दहाल र श्री खेमराज ज्ञवाली एवं विपक्षी टंकलाल घिसिङ्गको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान अधिवक्ता श्री तारा बहादुर सिटौलाले रिट निवेदकले कानून बमोजिम पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेकै कारण राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (९) बमोजिम परिषद्को सदस्य सचिव पदबाट हटाउने गरी नेपाल सरकार, मन्त्रिपरिषदद्वारा मिति २०७८।७।१ को निर्णय भएको हो। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिमको सबै प्रक्रिया पूरा भएको अवस्थामा पदबाट हटाउन नमिल्ने भन्ने निजको दाबी नै आग्रहपूर्ण छ। रिट निवेदकले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १८ बमोजिम निजलाई सुम्पिएको काम, कर्तव्य र जिम्मेवारी इमान्दारीपूर्वक बहन नगरेको र कार्य सम्पादन सन्तोषजनक नभएको सन्दर्भमा सफाई पेश गर्न मौका दिइएको र निजले पेश गरेको सफाईमा ऐनको दफा १८ बमोजिमको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यकारी समितिबाट पारित गराई परिषदको बैठकमा पेश गर्नुपर्नेमा पारित गराएको अवस्था नदेखिएको, परिषदको सबैभन्दा पछिल्लो १११ औं बोर्ड बैठक २०७५ चैत्र १५ मा मात्र बसेको देखिएको र काम कारवाही नियमित तथा व्यवस्थित भएको नदेखिनुका साथै ऐन बमोजिम समयमा कार्य सम्पादन भएको नदेखिएको, चालु आ.व. २०७८।०७९ को वार्षिक कार्यक्रम परिषदबाट स्वीकृत भएको जानकारी युवा तथा खेलकुद मन्त्रालयमा हुन नसकेको, उक्त मन्त्रालय अन्तर्गतका निकायहरु मध्ये परिषद्को सबैभन्दा बढी बेरुजु भएको, प्राथमिकता प्राप्त मुलपानी स्थित क्रिकेट रंगशालाको निर्माण कार्य सम्पन्न गर्न अग्रसर नभएकोले कानून बमोजिमनै पदमुक्त गरिएको र हाल बहाल सदस्य-सचिव (टंकलाल घिसिङ) लाई नियुक्त गर्दा प्रतिस्पर्धाका आधारमा गरिएको हुँदा रिट निवेदन खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

१४. दुवै तर्फको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत निवेदनमा निवेदन माग दाबी बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१५. यसमा निवेदक राष्ट्रिय खेलकुद परिषद्‌को सदस्य सचिव पदमा खेलकुद विकास ऐन, २०४८ बमोजिम मिति २०७६।३।२३ गते ४ वर्षको लागि नियुक्त भएकोमा निवेदकको अवधि नपुग्दै सदस्य सचिव पदबाट हटाउने गरी मिति २०७८।७।१ को मन्त्रिपरिषदको निर्णय र सो सम्बन्धमा भएको कार्य तथा पत्राचार तथा मिति २०७८।८।१३ मा टंकलाल घिसिङ्गलाई खेलकुद परिषदको सदस्य सचिवको पदमा नियुक्त गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा बाँकी अवधिसम्म कामकाज गर्न दिनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरी अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने निवेदन वेहोरा रहेकोमा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ मा सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ भनी व्यवस्था गरे तापनि निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्‌को निर्देशन पालना नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ भनी कानूनी व्यवस्था गरेको र निजले इमान्दारी पूर्वक जिम्मेवारी बहन गर्न नसकेको र कार्यसम्पादन सन्तोषजनक नभएको हुँदा सफाई पेश गर्ने मौका दिँदा समेत सन्तोषजनक जवाफ नदिए पछि पदबाट हटाउने तथा टंकलाल घिसिङ्गलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिवमा नियुक्ती गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७८।०८।१३ गतेको निर्णयसमेत कानून बमोजिमकै रहेको हुँदा रिट निवेदन खारेज हुनु पर्दछ भन्ने विपक्षीहरूको लिखित जवाफको वेहोरा रहेको छ।

१६. निवेदक रमेश कुमार सिलवालले साविकको खेलकुद विकास ऐन, २०४८ बमोजिम मिति २०७६।३।२३ मा नेपाल सरकारबाट राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिवको नियुक्ति पाई जिम्मेवारी निर्वाह गरिरहेको अवस्थामा संघीय संसदबाट खेलकुद विकास ऐन, २०४८ लाई प्रतिस्थापन गरी खेलकुद विकास ऐन, २०७७ पारित भई मिति २०७७।३।११ मा प्रमाणिकरण भई उक्त पदबाट पदमुक्त भएको र नयाँ कानूनी व्यवस्था, खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (७) बमोजिम मिति २०७७।५।१२ मा पुनः सोही पदमा

नियुक्त भएको देखिन्छ।

१७. निवेदकले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १८ बमोजिम परिषद्को वार्षिक योजना, कार्यान्वयन तथा बजेट तर्जुमा गरी कार्यकारी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्नुपर्नेमा नगरिएको, राष्ट्रिय खेलकुद परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने कार्य नगरेको, हालसम्म राष्ट्रिय खेलकुद परिषदबाट कुनै पनि चालू तथा पूँजीगत कार्यक्रमहरु पारित नगरेको, इमान्दारीपूर्वक जिम्मेवारी बहन नगरेको, कार्यसम्पादन सन्तोषजनक नभएकोले किन पदबाट हटाउनु नपर्ने हो भनी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।६।११ को निर्णय बमोजिम मिति २०७८।६।१२ मा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले सफाई पेश गर्ने मौका दिएकोमा निवेदकले आफ्नो नेतृत्वमा भव्यतापूर्वक १३ औं साग सम्पन्न भएको, कोभिड-१९ को महामारीका बीच पनि खेलकुद प्रतियोगिताको आयोजना गरी धमाधम परिणाम हासिल गरेको, कानून बमोजिमका तोकिएका कार्यभारहरु सफलतापूर्वक सम्पादन गरेको, राष्ट्रिय खेलकुद परिषद्को वार्षिक योजना कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यकारी समितिबाट मिति २०७८ साल असारमा नै पारित गरी बैठकमा पेश गर्न प्रस्ताव तयार गरी परिषद्को बैठक असार ३० गते डाकिएको भए पनि मन्त्रीमण्डलको हेरफेरले तत्काल बस्न नसकेको कारण बैठकमा पेश हुन नपाएको, आफूले गर्नुपर्ने कर्तव्य इमान्दारीपूर्वक पूरा गरेकै कारण नेपाल सरकारले दोस्रो पटक सदस्य सचिव नियुक्ति गरेको र कार्यसम्पादन मूल्यांकन करिव ९० प्रतिशत भन्दा माथि रहेको भन्ने वेहोरा उल्लेख गरी मिति २०७८।६।१७ मा सफाई पेस गरेको देखिन्छ।

१८. निवेदक रमेश कुमार सिलवालबाट सफाईमा पेश गरिएको वेहोरामा चित्त नबुझाई निजलाई नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७८।७।१ मा निवेदकलाई पदमुक्त गर्नेगरी भएको निर्णयको जानकारी नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले मिति २०७८।७।४ मा चं.नं. २६८ को पत्रबाट दिएको देखिन्छ। त्यसपछि युवा तथा खेलकुद मन्त्रालयका सहसचिव विष्णुराज ढकाललाई अर्को व्यवस्था नभएसम्मका लागि सदस्य सचिवको जिम्मेवारी दिई नयाँ सदस्य सचिवको

नियुक्तिका लागि राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७(३) बमोजिमको दरखास्त आह्वान गरी मिति २०७८।८।४ को गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको र मिति २०७८।८।१४ मा टंकलाल घिसिङलाई सदस्य सचिवमा नियुक्ति गरेको देखिन्छ।

१९. निवेदक रमेश कुमार सिलवाल पहिलो पटक साविकको खेलकुद विकास ऐन, २०४८ बमोजिम र दोश्रो पटक हाल कायम रहेको राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिवमा नियुक्त भएको देखिएकाले विधायिकाले साविकमा भएको व्यवस्थामा के कुरा अपुग भएका कारण नयाँ कानून वनाएको हो, यसमा विधायिकी मनसाय के हो भन्ने कुराको निर्क्योल गर्नका लागि साविकको तथा हालको ऐनको सदस्य सचिवको नियुक्ति तथा निजको जिम्मेवारी (काम, कर्तव्य र अधिकार) सम्बन्धी व्यवस्थाको तुलनात्मक अध्ययन गरी हेर्नु प्रस्तुत मुद्दाको सन्दर्भमा सान्दर्भिक हुने देखियो। साविकको ऐनको दफा ३(२) ले **खेलकुद मन्त्रीको अध्यक्षतामा खेलकुद मन्त्रालयको सचिव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका कम्तीमा तीनजना महिला सहित चारजना खेलाडी पर्ने गरी नेपाल सरकारबाट मनोनीत बढीमा एघारजना, प्रत्येक विकास क्षेत्रका क्षेत्रीय खेलकुद विकास समितिबाट सिफारिस भई आएका एक-एक जना गरी पाँचजना, राष्ट्रिय स्तरका खेलकूद सम्बन्धी संस्थाहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनीत गरेका तीन जना,नेपालका मान्यताप्राप्त विश्वविद्यालयका शिक्षाध्यक्ष वा खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुखहरु मध्येबाट सम्बन्धित विश्वविद्यालयले सिफारिस गरेका एक-एकजना मध्ये परिषद्ले मनोनीत गरेका दुईजना र प्रतिनिधि, शिक्षा मन्त्रालय- सदस्य रहने गरी** राष्ट्रिय खेलकुद परिषद स्थापना हुने, दफा ३(३) मा अध्यक्षले सदस्यहरु मध्येबाट परिषद्को उपाध्यक्ष, सदस्य सचिव र कोषाध्यक्ष नियुक्त गर्ने र दफा ६ ले यसरी मनोनित गरेका सदस्यहरुको पदावधी ४ वर्षको हुने व्यवस्था गरेको पाइन्छ भने दफा १० मा परिषद्को काम कर्तव्य र अधिकारका बारेमा उल्लेख भएको छ। हाल कायम रहेको ऐनको दफा ३ ले "**खेलकुद मन्त्रीको अध्यक्षतामा खेलकुदको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले**

मनोनयन गरेको एकजना उपाध्यक्ष, मन्त्रालयको सचिव, नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव वा निजले तोकेको सोही मन्त्रालयको सहसचिव, नेपाली सेनाको खेलकुद क्षेत्र हेर्ने प्रमुख, नेपाल प्रहरीको खेलकुद क्षेत्र हेर्ने प्रमुख, सशस्त्र प्रहरी बल, नेपालको खेलकुद क्षेत्र हेर्ने प्रमुख, विश्वविद्यालयहरुका खेलकुद विभाग प्रमुखमध्ये अध्यक्षले मनोनयन गरेको एकजना, मन्त्रालयको खेलकुद महाशाखा प्रमुख, प्रत्येक प्रदेशको खेलकुद विकाससँग सम्बन्धित प्रदेशस्तरका संस्थागत संरचनाका कार्यकारी प्रमुख, खेलकुदको विकासमा महत्वपूर्ण योगदान गरेका प्रतिष्ठित व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्वखेलाडीहरु मध्ये सबै प्रदेशबाट प्रतिनिधित्व हुने गरी महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रको समेतबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेको कम्तीमा तीनजना महिला सहित नौजना, खेलकुद विज्ञ, खेलकुद प्रशिक्षक, खेलकुद प्राविधिक वा एन्टिडोपीङ विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना, नेपाल ओलम्पिक, पारा ओलम्पिक लगायतका अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिबाट मान्यताप्राप्त ओलम्पिक कमिटीमध्येबाट प्रतिनिधित्व हुने गरी सम्बन्धित कमिटीको सिफारिसमा अध्यक्षले मनोनयन गरेको दुईजना सदस्य" रहने व्यवस्था गरेको देखिन्छ। यसरी यसअघिको खेलकुद विकास ऐन, २०४८ मा युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा २४ सदस्यीय राष्ट्रिय खेलकुद परिषद बोर्ड गठन हुने र अध्यक्षले नै सदस्यहरूमध्येबाट उपाध्यक्ष, सदस्यसचिव र कोषाध्यक्ष नियुक्त गर्ने प्रावधान लाई परिमार्जन गर्दै अहिलेको प्रावधानमा ३७ सदस्यीय सञ्चालक परिषदको अलावा दफा १४ ले ७ जना रहने कार्यकारी समिति पनि हुने व्यवस्था छ। कार्यकारी समितिमा सदस्य सचिव संयोजक रहने छन्। अरु सदस्यहरुमा युवा तथा खेलकुद मन्त्रालयको खेलकुद महाशाखा प्रमुख, परिषदका सदस्यमध्येबाट अध्यक्षले मनोनित गरेको कम्तीमा एक महिलासहित दुईजना, परिषदको सदस्यमध्येबाट परिषदले नै मनोनित गरेको एकजना महिलासहित दुईजना र परिषदको प्रशासन महाशाखा प्रमुख रहने व्यवस्था गरेको छ।

२०. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ मा सदस्य-सचिवको नियुक्ति

सम्बन्धमा निम्नानुसार छुट्टै व्यवस्था गरी दफा १८ मा सदस्य- सचिवको काम, कर्तव्य र अधिकार समेत तोकेको पाइन्छ।

**दफा १७. सदस्य-सचिव सम्बन्धी** : *(१) परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषद्मा एकजना सदस्य-सचिव रहनेछ ।*

*(२) सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ :*

*(क) नेपाली नागरिक,*

*(ख) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकतह उत्तीर्ण भएको,*

*(ग) खेलकुदको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको,*

*(घ) प्रचलित कानूनले अयोग्य नभएको,*

*(ङ) तीस वर्ष उमेर पूरा भएको।*

*(३) मन्त्रालयले उपदफा (२) बमोजिम योग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका एकजना महिला सहित दुईजना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ ।*

*(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (२) बमोजिमको योग्यता पूरा भएका व्यक्तिहरुमध्येबाट सदस्य-सचिवको नियुक्तिको लागि एकजना महिला सहित तीनजना उपयुक्त व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्नेछ ।*

*(५) उपदफा (४) बमोजिम सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा आफ्नो बैठक सम्बन्धी अन्य कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।*

(६) मन्त्रालयले उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिमध्येबाट सदस्य-सचिव नियुक्ति गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ ।

(७) उपदफा (५) बमोजिम मन्त्रालयबाट पेश भए बमोजिमका व्यक्तिहरुमध्ये नेपाल सरकार, मन्त्रिपरिषद्ले उपयुक्त ठानेको व्यक्तिलाई सदस्यसचिवको पदमा नियुक्ति गर्नेछ।

(८) उपदफा (७) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा सदस्य-सचिवलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः

(क) परिषद्लाई हानि नोक्सानी हुने कुनै काम गरेमा,

(ख) पदीय जिम्मेवारी पूरा नगरेमा,

(ग) यस ऐन विपरीत कुनै कार्य गरेमा, वा

(घ) निजले इमान्दारी पूर्वक जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्को निर्देशन पालना नगरेमा ।

(१०) उपदफा (९) बमोजिम सदस्य-सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(११) देहायका अवस्थामा सदस्य-सचिवको पद रिक्त भएको मानिनेछः

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा वा सोको लागि निवेदन दिएमा,

*(ग) निजको उमेर साठी वर्ष पूरा भएमा,*

*(घ) निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफदेहीको पदमाउम्मेदवार भएमा,*

*(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,*

*(च) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,*

*(छ) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको र पछि फर्केरआएको प्रमाणित भएमा, (ज) निजको मृत्यु भएमा ।*

*(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले सदस्य-सचिवको पद रिक्त भएमा वा कुनै कारणले निलम्बन भएमा अर्को सदस्य-सचिव नियुक्ति वा निजको निलम्बन फुकुवा नभएसम्मको लागि मन्त्रालयले संघीय निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी वा परिषद्को वरिष्ठतम् कर्मचारीलाई सदस्य-सचिवको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ ।*

*(१३) सदस्य-सचिवको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ। यसरी सदस्य-सचिवको पारिश्रमिक तथा सुविधा नतोकिएसम्मनिजले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछ।*

**दफाः१८ सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम,कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषदबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने,गराउने,

(घ) परिषद्को कर्मचारी व्यवस्थापन तथा समग्र व्यवस्थापकीय र प्रशासकीय कार्य गर्ने, गराउने,

(ङ) नेपाल सरकारको स्रोत बाहेक अन्य स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधि पठाउने र सोको जानकारी मन्त्रालयलाई दिने,

(च) मन्त्रालय, राष्ट्रिय खेल संघ वा महासंघसँग आवश्यक समन्वय गर्ने,

(छ) परिषद्को सार्वजनिक खरिद सम्बन्धी काम गर्ने,

(ज) परिषद्को चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) लेखा उत्तरदायी अधिकृत भई कामकाज गर्ने, गराउने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२१. उल्लिखित कानूनी व्यवस्था हेर्दा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशिल नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापनको लागि खेलकुद विकास ऐन, २०७७ जारी भएको र ऐनको दफा ३ मा खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि उपदफा (२) बमोजिमका सदस्यहरु रहने गरी राष्ट्रिय खेलकुद परिषदको स्थापना भएको देखिन्छ। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले साविकको ऐनले भन्दा सदस्य सचिवलाई खेलकुद क्षेत्रको

नेतृत्वदायी भूमिका प्रदान गर्दै, बढी जिम्मेवार बनाउन खोजेको नियुक्तिमा समेत निस्पक्षता र पारदर्शिताको अपेक्षा राखेको पाइन्छ, जुन सुशासनको पहिलो शर्त हो।

२२. आधुनिक समाजमा खेलकुदलाई मानव जिवनको अभिन्न अङ्गको रुपमा लिइन्छ। खेलकुदको विकासलाई व्यक्ति, समाज र समुदायलाई अनुशासित र स्वस्थ्य बनाउन मद्दत गर्ने संयन्त्रको रुपमा लिइ देश विकासको प्रमाणका रूपमा समेत हेर्ने गरिन्छ। वर्तमान समयमा खेल क्षेत्र व्यक्तिको शारीरिक, मानसिक स्वास्थ्यसँग गाँसिएको विषयमा मात्र सिमित नरही देशको गौरब र प्रतिष्ठासँग पनि जोडिएको छ। त्यसकारण खेलकुदलाई अतिरिक्त क्रियाकलाप मात्र भन्ने बुझाई, सोच र चिन्तनमा ठूलो परिवर्तन गर्दै शिक्षाको मूल विषय बनाएर आयआर्जनसँग जोड्न र व्यावसायिकतातर्फ उन्मुख गराउनु पर्ने देखिन्छ। देशको अर्थतन्त्रलाई सुदृढ बनाउन पनि खेलकुदको भूमिका ठूलो हुन्छ। विश्वका धेरै देशले खेलकुदका ठुला प्रतियोगिताहरू आयोजना गरेर खेलकै माध्यमबाट अर्थतन्त्रलाई बलियो बनाएका उदाहारणहरू प्रशस्त भेटिन्छन्। यसरी खेलकुदले स्वस्थ्य, सक्षम, मर्यादित, अनुशासित र सिर्जनशील नागरिक तयार गर्न योगदान गर्ने, राष्ट्रको एकताको प्रवर्धन गर्न तथा अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको प्रतिष्ठा अभिवृद्धी गर्न सघाउ पुऱ्याई व्यक्तिको व्यक्तित्व विकासदेखि राष्ट्रको प्रतिष्ठा आर्जन गर्नमा समेत महत्वपूर्ण भूमिका राख्ने भएकोले नै नेपालको संविधानको धारा ५१ को उपधारा (ज) को खण्ड (१३) मा **"स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने"** राज्यको नीति रहनेछ भनी उल्लेख भएको पाईन्छ। संविधानको यसै व्यवस्थालाई कार्यान्वयन गर्न संघीय संसदले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बनाएको र ऐनको प्रस्तावनामा **" खेलकुदको माध्ययमबाट स्वस्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशिल नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवद्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुदको विकास, विस्तार र प्रवद्धन गरी खेलकुद सञ्चालन**

तथा व्यवस्थापन गर्ने सम्बन्धमा खेलकुद सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकाले" भन्ने उल्लेख भएबाट देखिन्छ। उल्लिखित संविधानको नीति बमोजिम नेपालमा खेलकुदको विकास, विस्तार तथा प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको व्यवस्थापन तथा सञ्चालन गर्न कार्यकारी भूमिकामा राष्ट्रिय खेलकुद परिषद्को स्थापना गरिएको र संविधानमा उल्लिखित नीतिहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार राष्ट्रिय खेलकुद परिषदको सदस्य-सचिवलाई सुम्पिएको मान्नु पर्ने देखियो।

२३. यसरी राष्ट्रिय खेलकुद परिषद्मा सुशासन कायम गरी सदस्य सचिवको नेतृत्वमा नेपालको संविधानको धारा ५१ को उपधारा (ञ) को खण्ड १३ मा उल्लेख भए बमोजिम खेलकुदको विकास गर्ने उद्देश्यले संघीय संसदले नयाँ कानूनको तर्जुमा गरेको र योग्य, तटष्थ, निष्पक्ष व्यक्ति सदस्य सचिवमा नियुक्ति होस भन्ने उद्देश्यले अध्यक्षले सोझै नियुक्ति गर्न पाउने पहिलेको व्यवस्थालाई परिमार्जन गरी सदस्य सचिवको नियुक्तिका लागि पहिले त खेलकुद मन्त्रालयको सचिवको संयोजकत्वमा सम्बन्धित क्षेत्रका एक जना महिलासहित दुई जना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नुपर्ने र सिफारिस समितिले स्नातक उत्तिर्ण भएको, खेलकुदको क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेको, ३० वर्ष उमेर पूरा भएको योग्यता पुग्ने एक जना महिलासहित तीन जनाको नाम मन्त्रालयमा सिफारिस गर्ने र मन्त्रालयले मन्त्रीपरिषदमा पेश गरेको त्यही नामबाट एक सदस्य-सचिव हुने व्यवस्था ऐनले गरेको पाइन्छ।

२४. अब निवेदकले निजलाई कानूनले दिएको जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको सफाई पेश गर्ने सम्बन्धी पत्र हेर्दा निजले खेलकुद विकास ऐन, २०७७ को दफा १८ बमोजिम परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यकारी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश नगरेको, राष्ट्रिय खेलकुद परिषदको निर्णय कार्यान्वयन गर्ने, गराउने कार्य नगरेको, हालसम्म राष्ट्रिय खेलकुद परिषदबाट कुनै पनि चालू तथा पूँजीगत कार्यक्रम पारित नगरेको, इमान्दारीपूर्वक जिम्मेवारी बहन नगरेको र कार्य सम्पादन सन्तोषजनक नरहेको भन्ने रहेकोमा निजले आफ्नो नेतृत्वमा १३ औं

साग भव्यतापूर्वक सन्चालन गरेको, बेरुजु फछ्र्यौटमा काम गरिरहेको, कार्यसम्पादन राम्रो रहेकोले कार्य सम्पादनमा ९०% नम्बर पाएको र राष्ट्रिय खेलकुद परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट तयार गरी कार्य समितिबाट मिति २०७८ असारमा नै पारित गरेको भए तापनि मन्त्रिपरिषद्को हेरफेरले मिति २०७८।३।३० मा डाकिएको परिषद्को बैठक बस्न नसकेकोले ढिलो भएको हो भन्ने उल्लेख गरेको भए तापनि यी निवेदक मिति २०७६।३।२३ देखि मिति २०७८।८।४ सम्म बीचमा एक महिना (२०७७।३।११-२०७७।४।१२) बाहेक अविछिन्न रुपमा राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवको जिम्मेवारीमा रहेको देखिन्छ। निज पहिलोपटक नियुक्ति हुँदा कायम रहेको खेलकुद विकास ऐन, २०४८ को दफा ९ मा परिषद्को बैठक वर्षको २ पटक बस्नुपर्ने, अध्यक्षसँग समन्वय गरी निजबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउने गरी भएको व्यवस्थालाई हालको राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १० ले पनि निरन्तरता दिएको अवस्था छ। यस अदालतको आदेश बमोजिम राष्ट्रिय खेलकुद परिषदबाट प्राप्त राष्ट्रिय खेलकुद परिषद्को निर्णय पुस्तिका हेर्दा, राष्ट्रिय खेलकुद परिषद्को पछिल्लो अन्तिम बोर्ड बैठक (१११ औं बोर्ड बैठक) मिति २०७५।१२।१५ मा बसेको देखियो। यसको अर्थ यी निवेदक रमेश कुमार सिलवाल सदस्य सचिव भएको लगभग २८ महिना सम्ममा वर्षको २ पटक अनिवार्य रुपले बस्नुपर्ने बोर्ड बैठक एक पटक पनि बसेको देखिएन। निजले स्पष्टिकरणमा मिति २०७८।३।३० मा बोर्ड बैठक बोलाए पनि मन्त्रीमण्डल हेरफेर भएका कारण बस्न नसकेको भने तापनि सो मितिभन्दा २ वर्ष अगाडि नियुक्त भएका निवेदकले के कति कारणले बैठक राख्न नसकेको हो र त्यसपछि पनि निजबाट बैठक राख्न के कस्तो पहल भएको थियो र के कारणले बस्न नसकेको हो भन्ने बारेमा प्रमाणबाट पुष्टी हुने गरी निवेदनमा खुलाउन सकेको देखिँदैन।

२५. राष्ट्रिय खेलकुद परिषदको कामको प्रकृती हेर्दा, खेलकुदमा आवद्ध व्यक्तिहरुको सम्बन्ध र संलग्नता भए पनि साधारणतया यसको कार्य सम्पादनमा सर्वसाधारण

नागरिकहरूको चासो र अपेक्षा पनि अलि कम रहेको हुन्छ। सर्वसाधारणको भिडभाड कम हुने यस्ता कार्यालयहरूको सुशासनको अवस्था मापन भनेको कानूनले तोकेको जिम्मेवारी र इमान्दारिता पूर्वक निर्वाह गरे नगरेको र आर्थिक पारदर्शिता र वित्तीय सुशासन कायम रहेको छ छैन भन्ने मापदण्डबाट नै हेरिनु पर्छ। सार्वजनिक आय र व्ययको दक्ष परिचालन, त्यसको अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत समग्र वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने कार्यलाई वित्तीय सुशासन भनिन्छ। यो सार्वजनिक खर्च तथा आम्दानीको समग्र कार्यमा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्धन गर्ने कार्य हो। सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउनु, राज्यको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गर्नु यसको मूलभूत उद्देश्य हो। सार्वजनिक आय र व्ययका कार्यमा वित्तीय सुशासनको प्रत्याभूति दिनु हरेक सार्वजनिक निकायको दायित्व हो।

२६. स्व-अनुशासनद्वारा वित्तीय अनुशासन कायम गर्ने मान्यता सार्वजनिक वित्त व्यवस्थापनको मूल आदर्श हो। यसका लागि आवश्यक आन्तरिक र वाह्य नियन्त्रण प्रणालीको व्यवस्था गरिनु पर्दछ। यसमा सवै तहका सरकारहरुले नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्ने, आफ्नो सवै आय सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने, खर्च गर्नुपर्ने रकम वजेटमा व्यवस्था हुनुपर्ने सम्वन्धित व्यवस्थापिकाबाट राजस्व र व्ययको अनुमान स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने, जुन प्रयोजको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने, पूँजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने र खर्चको व्यवस्थित अभिलेख प्रणाली तयार गर्ने र प्रयोग गर्ने, वजेट स्वीकृति मात्र पश्चात खर्च गर्ने प्रणालीको विकास गर्ने, खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासन सम्बन्धी कानून, सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने, खर्चको व्यवसायिक योजना, खरिद योजना बनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरु बनाउने,

समयमानै आन्तरिक लेखा परीक्षण गर्ने र आन्तरिक लेखा परीक्षणले देखाएका त्रुटीहरुमा सुधार गर्ने,वार्षिक रुपमा प्रत्येक तहले आ आफ्नो आर्थिक विवरणहरुको प्रतिवेदन तयार गर्ने र पेश गर्ने,अन्तिम लेखा परीक्षण गर्ने, बेरुजु फछर्यौट गर्ने जस्ता विषयहरु वित्तीय अनुशासन कायम गर्ने संयन्त्रहरु हुन् ।

२७. खेल क्षेत्रको विकास गर्नका लागि अनुशासनको महत्वपूर्ण स्थान रहेको सम्बन्धमा विवाद हुन सक्दैन। दक्ष जनशक्तीको उत्पादन गर्ने, खेल पुर्वाधारको निर्माण गर्ने र खेलकुद प्रतियोगिता आयोजना गर्ने लगायतका जिम्मेवारी पाएको परिषद्ले ती जिम्मेवारीहरू पूरा गर्न आर्थिक क्रियाकलाप गर्दा आर्थिक अनुशासन देखिने र पारदर्शिता हुनेगरी प्रचलित नियम र कानूनको पूर्ण रूपले पालना गर्नु अपेक्षित हुन्छ। यी निवेदकले आफूले सदस्य सचिवको रुपमा तोकिएको जिम्मेवारी पूर्णरूपले निर्वाह गरेको, खेल क्षेत्रका पुर्वाधार निर्माणका कार्यहरूमा उल्लेख्य प्रगती भएको र आर्थिक अनुशासन र पारदर्शिता कायम गरेको भन्ने जिकिर लिएको भए तापनि चालु आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम परिषद्बाट स्वीकृत नभएको, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका निकायहरुमध्ये परिषद्को सबैभन्दा बढी बेरुजु भएको तथा राष्ट्रिय प्राथमिकता प्राप्त मुलपानी स्थित क्रिकेट रंगशालाको निर्माण कार्य सम्पन्न गर्न अग्रसर नभएको विषयमा निजको सफाई सन्तोषजनक हुन नसकेको भन्ने लगायतका विपक्षी नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय समेतको लिखित जवाफ अखण्डीत रहेको देखिन्छ। वर्षको २ पटक अनिवार्य रुपले वस्नुपर्ने राष्ट्रिय खेलकुद परिषद्को कार्यकारी निकाय,राष्ट्रिय खेलकुद परिषदको बोर्ड बैठक २०७५ चैत्र १५ अघि प्रत्येक ६/६ महिनामा बस्ने गरेकोमा त्यसपछि बसेको नदेखिएको अवस्थामा त्यहाँ भएका काम कारवाही तथा आर्थिक क्रियाकलापहरू नियमित, व्यवस्थित तथा प्रचलित ऐन बमोजिम नै भएका होलान भनी विश्वास गर्ने आधार रहेको पाइदैन। आर्थिक सुशासन कानून बमोजिम पालना गर्नुपर्ने प्राविधिक विषय हो, तजबिजी अधिकार प्रयोग वा तर्कको विषय नै होइन।यसका लागि लेखामानका सिद्दान्तका आधारमा कानुनले दिएको अख्तियारी बमोजिम तोकिएको प्रतिफल प्राप्त हुनेगरी विवेकसंगत

र योजनाबद्ध निर्णय गर्ने परिपाटीको आवश्यकता पर्दछ। राज्यको श्रोतको प्रयोग गर्दा कानुनको इमानदार कार्यान्वयन, पारदर्शिता र समयमै लेखा परिक्षण तथा बेरुजु फरफारक नै वित्तीय सुशासनको पुष्ट्याई गर्ने आधार हो।

२८. खेलकुद विकास ऐन, २०४८ को दफा १० तथा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने, खेलकुद सम्बन्धी प्रतियोगितामा वा बैठकमा भाग लिन खेलाडी वा कर्मचारीलाई विदेश पठाउने, परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, खेलकुद विकास सम्बन्धी योजना बनाई लागू गर्ने लगायतका जिम्मेवारी राष्ट्रिय खेलकुद परिषद्लाई दिएको देखिन्छ। त्यसका अतिरिक्त हाल कायम रहेको राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले सदस्य सचिव र कर्मचारी सम्बन्धी छुट्टै व्यवस्था गरी सदस्य सचिवलाई नेतृत्वदायी कार्यकारी भूमिका प्रदान गरी परिषद्लाई आवश्यक पर्ने कर्मचारी सम्बन्धी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रीपरिषदबाट स्वीकृत भएबमोजिम हुने, कर्मचारीहरुको दरबन्दी, योग्यता, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था विनियम बमोजिम हुने व्यवस्था गरेकोमा परिषद्को बैठक बस्न नसकेको अवस्थामा दफा ९(घ) बमोजिम परिषद्को मानवस्रोत विकास एवं व्यवस्थापन योजना तथा संगठन सम्बन्धी योजना बनी कानून बमोजिमको काम हुने वातावरण नै देखिएन भने बजेट पास नहुँदा तथा लेखा परीक्षण समयमै नहुँदा परिषद् भित्रको सुशासन कायम नहुनुका साथै हाल राष्ट्रिय खेलकुद परिषद् कुनै वैधानिक आधार विना नै सन्चालन भइरहेको भन्ने देखियो। यसरी सन्चालन भएको परिषद्मा यी निवेदक मिति २०७६/३/२३ मा नियुक्त भएपछि दुई आर्थिक वर्ष समाप्त भइसकेको देखिन्छ।

२९. राज्यको जिम्मेवार निकायमा बसेकाहरूले आफू मातहतका संयन्त्रलाई स्वच्छ र पारदर्शी बनाई कानूनमा उल्लेख भएको विधी र प्रक्रियालाई अक्षरस पालना गरी सेवाग्राही, लक्षित वर्ग तथा राज्यको अपेक्षा अनुरुप छिटो, छरितो र प्रभावकारी माध्ययमबाट तोकिएको जिम्मेवारी पूरा गर्नु नै सुशासन हो। राज्यको कोषबाट

तलव भत्ता, सेवा सुविधा पाउने तथा राज्य कोषको रकम खर्च गर्ने अख्तियारी पाएका राज्य संयन्त्रका सबै अंगहरूलाई पारदर्शी, गतिशिल, र जवाफदेही बनाउनु आवश्यक हुन्छ। राज्य कोषको रकम खर्च गर्दा कानूनले तोकेको विधी र प्रक्रिया पूरा गर्नु बाध्यकारी कर्तव्य भित्र पर्दछ। नेपालको संविधानले पनि दिगो शान्ति समृद्धि र सुशासनमा जोड दिएको छ। संविधानको प्रस्तावनामा **"संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास, समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं"** भन्ने उल्लेख भएबाट संविधान निर्माताहरुले संविधान निर्माण गर्दा सार्वजनिक पद धारण गर्ने हरेक व्यक्तिले सुशासनलाई आफ्नो प्रतिवद्धताको रुपमा अंगिकार गरी पदीय एवं व्यक्तिगत कर्तव्यप्रति जिम्मेवार रही गर्दछ भन्ने अपेक्षा र विश्वास राखेको देखिन्छ। तसर्थ आम नागरिकलाई शासनको केन्द्रमा राखेर पारदर्शी, उत्तरदायी, सहभागितामूलक, समन्यायिक, स्वच्छ, सक्षम, सुदृढ, विधिसम्मत शासन सञ्चालन गर्नु राजनैतिक र प्रशासनिक नेतृत्वको दायित्व हो।सार्वजनिक दायित्व निर्वाह गर्दा विधि र प्रक्रियालाई पालना गर्नै पर्दछ। अरू कसैलाई दोष लगाएर कानून बमोजिमको निर्वाह गर्नुपर्ने दायित्वबाट कोही कसैले पनि उन्मुक्ती लिन खोज्नु वाञ्छनीय हुँदैन। कार्यकारी र नीतिगत तहमा रहेकाहरूले प्रणाली र पद्दतीको विकास गर्न सकेमात्र विधिको शासन कायम भई सुशासन प्राप्त हुन्छ भन्नेतर्फ सबै सजग रही आ-आफ्नो दायित्व निर्वाह गरेमात्र संविधानको प्रस्तावनामा संविधान निर्माताले गरेको सुशासनको परिकल्पना साकार हुन सक्दछ भन्नेतर्फ सबैले सजग हुनुपर्ने आवश्यकता भइसकेको छ।

३०. खेल क्षेत्रबाट स्वस्थ्य र अनुशासित जनशक्तीको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राष्ट्रको गौरव बढाउने उदेश्य राष्ट्रिय खेलकुद विकास ऐनले राखेको र यो उदेश्य पूरा हुनेगरी कार्य गर्ने जिम्मेदारी राष्ट्रिय खेलकुद परिषदलाई दिएको छ। यसका लागि चुस्त दुरुस्त प्रशासनिक संरचनाद्वारा गाउँ गाउँमा रहेका प्रतिभाहरुको खोजी गरी तिनीहरुलाई उचित तालिम प्रदान गरी योग्य खेलाडी उत्पादन गर्न जरुरी हुन्छ। यी सबै कामहरु गर्नका लागि योग्य

खेलकुद प्रशासक र कुशल प्रशिक्षकको आवश्यकता पर्दछ। यसै आवश्यक्तालाई महसुस गरी विधायिकाले निश्चित समय (४ वर्ष) को कार्यकाल तोकी राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव तथा सदस्यहरुको पदावधि निर्धारण गरेको हो। जिम्मेबारी लिनेले आफ्नो व्यवस्थापकीय कौसलता प्रयोग गरी ऐन कानूनले तोकेको जिम्मेबारी इमान्दारिताका साथ गर्नु पर्दछ। निश्चित समयावधी तोकेर सुम्पिएको जिम्मेवारी आफ्नो अनुभव र व्यवसायिक कौसलताबाट प्रतिफल निस्कने गरी कार्य गर्न हो। राज्यसँग कुनै पदको जिम्मेवारी लिन दाबी गर्ने व्यक्ति त्यो पदको जिम्मेवारी लिँदा आफूले निर्वाह गर्नुपर्ने दायित्व,कर्तव्य एवं चुनौती प्रति जानकार छ र उक्त पदमा नियुक्ति भएपछि आफ्नो अनुभव र व्यवस्थापकीय कौसलताबाट चुनौतिहरूलाई पन्छाउँदै उसले आफ्नो जिम्मेवारी पूरा गर्दछ भन्ने अपेक्षा गरिन्छ। अर्थात निश्चित समयावधि तोकेर नियुक्ती गर्नु भनेको दिएको जिम्मेवारी तोकिएको समयभित्र योजनाबद्ध रुपले पूरा गर्नको लागि हो। कुनै पदमा निश्चित समय तोकेर नियुक्ति पाएपछि कानूनले तोकेको जिम्मेवारी पूरा गर्न नसकेको दोष अरुलाई लगाई उम्किन खोज्नुलाई सकारात्मक रुपमा लिन सकिदैन। तोकिएको समयमा तोकिएको जिम्मेवारी पूरा गर्न नसक्नेलाई राज्यकोषबाट तलब भत्ता लगायतका सुविधाहरु दिएर पदमा आसिन गराई रहन सक्दैन, हुँदैन। तोकिएको जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गर्न नसक्ने वा त्यस्तो वातावरण बनाउन नसक्ने अवस्थामा पदबाट स्वेच्छिक अवकाश लिएर मार्ग प्रसस्त गरिदिनु वा कानून बमोजिम पदमुक्त गराउनु नै वाञ्छनीय हुने देखिन्छ। अरुलाई दोष लगाएरमात्र पदीय जिम्मेवारीबाट कोही कसैले पनि उन्मुक्ति पाउँन सक्दैन।

३१. रिट निवेदकको पदावधी चार वर्ष कानूनबाट सुनिश्चितता गरेको र आफूले कानून बमोजिमको जिम्मेबारी पूरा गरिरहेको अवस्थामा भए तापनि मन्त्रिपरिषदमा हेरफेर भएकाले राजनैतिक प्रतिशोधका कारण आफूलाई पदबाट हटाएको भनी निवेदकले जिकिर लिएको देखिएको छ। यस प्रकार राजनैतिक आग्रह पूर्वाग्रह राखी नियुक्ति दिने र हटाउने प्रवृत्ति विगतमा नदेखिएको होइन। आफ्ना राजनैतिक कार्यकर्ता वा राजनैतिक सम्पर्कमा रहेको व्यक्तिलाई नियुक्ति दिने दिलाउने तर निजले वा

निजलाई नियुक्ति दिने दिलाउनेले कुनै जिम्मेवारी लिनु नपर्ने गरी पन्छिएको पटक पटक देखिएको छ। यस अदालतले निश्चित पदावधी तोकिएको पदबाट बिना कारण हटाउने कार्यलाई निरुत्साहित गर्ने गरे पनि निवेदकलाई सदस्य सचिवमा नियुक्ती दिने मन्त्रिपरिषद रहदा समेत निजले कानून बमोजिम बोर्ड बैठक बसेको वा बसाउने प्रयत्न समेत गरेको नदेखिएको र सो सम्बन्धमा निजले कुनै सार्थक पहल गरेको भन्ने पनि नदेखिएको अवस्थामा निजको कार्य सम्पादन सम्बन्धमा प्रश्न उठ्नु स्वाभाविकै देखिन्छ। निजले ऐनले तोके बमोजिमको कार्य जिम्मेवारी बहन नगरेको भन्ने निजलाई पदमुक्त गर्न लिइएको आधारका सम्बन्धमा कार्य सम्पादन सन्तोषजनक भए नभएको हेर्ने, मूल्याङ्कन गर्ने अधिकार पनि नेपाल सरकारमा नै निहित रहेको छ। प्रचलित कानूनले तोकेको पदीय जिम्मेवारी बहन गर्न नसकेको अवस्थामा निजलाई सफाईको मौका प्रदान गरी तोकिएको समयावधि अगावै पदबाट हटाउन सक्ने अधिकार राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (९) ले नेपाल सरकारलाई प्रदान गरेको र दफा १७ को उपदफा (९) को अवस्था थियो वा थिएन भनी निर्धारण गर्ने कार्य कार्यकारिणीको विषय भित्र पर्ने देखिएकोले त्यस्ता विषयमा रिट क्षेत्राधिकारबाट प्रमाण बुझी जाँचबुझ हुन सक्ने अवस्था पनि रहँदैन। खेलकुद क्षेत्रको व्यवस्थापन, नीति तर्जुमा, विश्लेषण तथा कार्यान्वयनको सम्बन्धमा कानून बमोजिम सम्पादन गर्नुपर्ने व्यक्तिले आफ्नो कार्य जिम्मेवारी तथा जवाफदेही पूर्ण किसिमले नगरेको अवस्थामा ऐनले निर्धारण गरेको विधि र प्रक्रिया बमोजिम अख्तियारप्राप्त निकायबाट सो संस्थालाई नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न यदाकदा अप्रिय निर्णय गर्नुपर्ने अवस्था सृजना हुन सक्छ। तोकिएको जिम्मेवारीको पालना नभएको देखादेखी रुपमा उजागर हुन आउँछ, त्यस्ले आफूले बाध्यात्मक रुपमा गर्नुपर्ने कार्य लामो समयसम्म यथास्थितिमा रहन्छ भने यस्तो अवस्थामा सदस्य सचिवलाई तोकिएको अवधी (४ वर्ष) भन्दा अगाडि नै कारण देखाई सफाईको मौका दिई हटाउन सक्ने व्यवस्था कानूनले गरेको देखिँदा कानूनले निर्धारित गरेको कार्यविधिको अवलम्बन गरी निज निवेदकलाई पदबाट हटाउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको

मिति २०७८।७।१ को निर्णयलाई तथा सो निर्णयबाट रिक्त हुन आएको पदमा पदपूर्ति गर्ने कार्यलाई अन्यथा भन्न सकिएन। अब निजको स्थानमा विपक्षीमध्येका टंकलाल घिसिङलाई नियुक्ति दिँदा अपनाइएको विधि र प्रकृया एवं निजको योग्यता सम्बन्धी प्रश्न उठाएको नदेखिएको हुँदा सोतर्फ तत्काल केही बोलिरहनु परेन।

३२. यसरी यी निवेदकले राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवको लेखा परीक्षण गराउने, वार्षिक कार्य योजना पारित गराउने लगायतका कानूनले अनिवार्य रुपले गर्नुपर्छ भनी तोकेका कार्य गर्न नसकेकोले निजलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (९) बमोजिम राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवबाट पदमुक्त गर्ने गरी भएको मिति २०७८।७।१ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बदर गर्नुपर्ने कानूनी आधार नदेखिएको हुँदा निवेदन माग बमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

**इजलास अधिकृतः-** अञ्चन भट्टराई/भूमिप्रसाद शर्मा
**कम्प्युटर अपरेटरः-** विष्णुदेवी श्रेष्ठ
सम्बत् २०७८ चैत्र २२ गते रोज ३ शुभम् ---------------------------।